का.जि.प्र.का.द.नं. १००/०५९/६०

**३१ साउन २०७९,**
**मंगलबार**
**16 August 2022,**
**Tuesday**

**मूल्य रु. ५/-**

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १९२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

### सिट बाँडफाँट

# साउनभित्रै मोडालिटी निर्माण

२०७४ को प्रदेश र संघीय चुनाव र २०७९ को स्थानीय तहको चुनावी परिणाम आधारमा सिट बाँडफाँट गर्ने विकल्पमाथि छलफल चलेको छ । यसमा गठबन्धनमा रहेका दलहरु सकारात्मक रहेको नेताहरुको प्रतिक्रिया छ ।



विगतका दुई चुनावी परिणामलाई आधार मानेर सिट बाँडफाँट गर्ने छलफल भइरहेको छ । हामी कार्यदलबाटै सहमति गरेर टुंगो लगाउने प्रयासमा छौं ।

**■ ज्ञानेन्द्रबहादुर कार्की**
**नेता, नेपाली कांग्रेस**



मोडालटीका विषयमा कुरा भए पनि सिट बाँडफाँडको ठोस प्रस्ताव नै लैजाने तयारी छ । सिट बाँडफाँडको ठोस प्रस्ताव तयार पार्दा न्यायोचित हुनुपर्नेमा हामी सबैको जोड रहेको छ ।

**■ वर्षमान पुन**
**नेता, नेकपा माओवादी केन्द्र**



मोडालिटीका विषयमा कुरा भएको छ । सोही आधारमा आगामी बुधबार बस्ने बैठकमा सिट बाँडफाँटको प्रस्ताव ल्याउने जिम्मा सयोजकलाई दिइएको छ ।

**■ रामसहाय यादव**
**नेता, जसपा**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० साउन ।

पाँच दलीय सत्ता गठबन्धनले सिट बाँडफाँडमा केन्द्रित भएको छ । २०७४ को प्रदेश र संघीय चुनाव र २०७९ को स्थानीय तहको चुनावी परिणाम आधारमा सिट बाँडफाँट गर्ने विकल्पमाथि छलफल चलेको छ । यसमा गठबन्धनमा रहेका दलहरु सकारात्मक रहेको नेताहरुको प्रतिक्रिया छ ।

सीट बाँडफाँटको मोडालिटी तयार गर्न बनेको कार्यदल गृहकार्यमा केन्द्रित छ । सोमबार बसेको कार्यदलको बैठकमा २०७४ र २०७९ को स्थानीय चुनावको परिणामलाई आधार बनाएर आगामी प्रतिनिधिसभा र प्रदेश सभाको चुनावको सिट बाँडफाँट गर्ने विषयमा छलफल चलेको हो ।

कार्यदलका सदस्य ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार, दुवै चुनावी परिणामलाई आधार मानेर सिट बाँडफाँटको लागि छलफल चलेको हो । '२०७४ को निर्वाचन र २०७९ को स्थानीय तह निर्वाचनको परिणामलाई आधार मानेर सिट बाँडफाँट गर्ने छलफल भइरहेको छ । हामी कार्यदलबाटै सहमति गरेर टुंगो लगाउने प्रयासमा छौँ' कार्कीले भने ।

११ सदस्यीय कार्यदलको संयोजक नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला छन् । कार्यदलमा नेपाली कांग्रेसबाट सिटौला, महामन्त्री गगनकुमार थापा र ज्ञानेन्द्रबहादुर कार्की छन् । माओवादी केन्द्रबाट वर्षमान पुन र देव गुरूङ, नेकपा एकीकृत समाजवादीबाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव बेदुराम भुसाल, जनता समाजवादी पार्टीबाट रामसहाय यादव र रकम चेम्जोङ तथा राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा सदस्य छन् । कार्यदललाई साउन मसान्तभित्र मोडालिटी निर्माण गर्ने जिम्मेवारी दिइएको छ ।

नेताहरुका अनुसार कार्यदलले साउन मसान्तभित्रै सिट बाँडफाँटका प्रस्ताव ल्याउने जिम्मा संयोजक सिटौलालाई दिएको छ । एकीकृत समाजवादी पार्टी २०७८ मा मात्र बनेकाले उसको हकमा विशिष्ट रुपमा हेरिने पनि सहमति छ ।

नेकपा माओवादी केन्द्रका नेता वर्षमान पुनका अनुसार सिट बाँडफाँडको मोडालटीका विषयमा कुरा भए पनि सिट बाँडफाँडको ठोस प्रस्ताव नै लैजाने तयारी भएको छ । उनका अनुसार सिट बाँडफाँडको ठोस प्रस्ताव तयार पार्दा न्यायोचित हुनुपर्नेमा सबैको जोड रहेको छ ।

'मोडालटीका विषयमा कुरा भए पनि सिट बाँडफाँडको ठोस प्रस्ताव नै लैजाने तयारी छ । सिट बाँडफाँडको ठोस प्रस्ताव तयार पार्दा न्यायोचित हुनुपर्नेमा हामी सबैको जोड रहेको छ' उनले भने ।

कार्यदल सदस्य एवं जसपा नेता रामसहाय यादव भन्छन्, 'मोडालिटीका विषयमा कुरा भएको छ । सोही आधारमा आगामी बुधबार बस्ने बैठकमा सिट बाँडफाँटको प्रस्ताव ल्याउने जिम्मा सयोजकलाई दिइएको छ ।'

आगामी चुनावमा तालमेल गर्ने समझदारीमा रहेका पाँच दलले स्थानीय तहको चुनावमा पनि तालमेल गरेका थिए । २०७४ को स्थानीय तहको चुनावमा पनि कांग्रेस र माओवादी केन्द्रले तालमेल गरेका थिए । तर, ०७४ मा कांग्रेससँग तालमेल गरेको माओवादी केन्द्र प्रदेश र संघीय चुनावका बेला एमालेसँग तालमेल गर्न पुगेको थियो । एमालेसँग पार्टी एकता नै गरेर अगाडि बेपनि उक्त एकता लामो समय टिक्न सकेन । पुनः माओवादी केन्द्र ब्युतियो र माओवादी सहितका अन्य दलहरु सहित कांग्रेसको नेतृत्वमा गठबन्धन बनेको हो ।

पाँचदलीय गठबन्धनका शीर्ष नेताहरुको २० साउनमा बसेको बैठकले प्रदेश

– बाँकी पृष्ठ २ मा

## भागवण्डा उत्तिकै चुनौतीपूर्ण

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३० साउन ।

आगामी मंसिरमा हुने प्रदेश र संघको चुनावमा ५ दलीय गठबन्धनको निरन्तरता हुनेभएपनि सिट बाँडफाँड भने निकै थप चुनौतीपूर्ण बन्दै गएको छ । पटकपटक बसेको सत्तारुढ गठबन्धनको कार्यदलले ठोस खाका तयार गर्न नसकेपछि सिट बाँडफाँड थप पेचिलो बन्दै गएको हो । सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको कार्यदलको बैठकले केही निष्कर्ष निकाल्न नसकेपछि आफ्नो दलसँग संवाद गरि पुन वार्तामा बस्ने सहमति जुटेको छ ।

'अहिलेसम्म ठोस रुपमा छलफल भएको छैन । बुधबार ठोस रुपमा छलफल हुन्छ होला ।' मंगलबार आन्तरिक र

> नेपाली कांग्रेस ठूलो दलको हैसियतले धेरै सिट चाहन्छ भने अन्य दलहरु पनि ठूलो संख्यामा सिट नदिइ मान्नेवाला देखिदैंनन्, तसर्थ कार्यदलबाट सहमति नजुटेर माथिल्लो तहमै पुग्ने सम्भावना पनि देखिन्छ ।

अन्तरपार्टी छलफल गर्ने कार्यदलका सदस्यको तयारी छ । 'पाँच दल एकै ठाउँमा बस्दा गाँठो फुकेन । भोलि हामी आ- आफू र अरु दलसँग बस्छौँ' नेपाली कांग्रेसका महामन्त्री

– बाँकी पृष्ठ २ मा

# फोहोरमाथि राजनीति !

लामो समयदेखि राजधानी उपत्यकाबाट उठ्न नसकेको फोहोर रोक्न राजीतिक दलका कार्यकर्ताहरू एकठाउँ उभिन पुगेका छन् । सोमबार बञ्चरेडाँडामा फोहोर व्यवस्थापन रोक्न सत्तारुढ र विपक्षी दलहरू एकसाथ आन्दोलनमा देखिए ।



बञ्चरेडाँडामा फोहोर लैजान सुरक्षार्थ खटिएका सुरक्षाकर्मी । तस्वीरः सामाजिक सञ्जाल

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३० साउन ।

सत्तारुढ दलहरुले नै बञ्चरेडाडाँमा फोहोर फाल्न नदिने निर्णय गरेपछि सोमबार सुरक्षा घेराभित्र फोहोर लैजाने व्यवस्था गरिएको थियो । राजधानी काठमाडौंबाट फोहोर बोकेका गाडी ल्याण्डफिल साइडमा लैजान नुवाकोट प्रहरी प्रशासनले अढाइ सय बढी सुरक्षाकर्मी परिचालन गरेको थियो ।

सत्तारुढ नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको घोषित अवरोध तोड्दै फोहोर लैजान सुरक्षाकर्मी परिचालन गरिए पनि सफल हुन सकेन । सत्तारुढको अवरोधलाई प्रमुख विपक्षी दल नेकपा एमाले र राप्रपाले समेत साथ दिएको थियो । सबै दल फोहोर फाल्न नदिने पक्षमा उभिएपछि सुरक्षाकर्मी परिचालन भएपनि प्रशासन सफल हुन सकेन । दलहरुकै समर्थनमा स्थानीय गुलेली हानेर गाडी अगाडि बढ्न अवरोध गरे । स्थानीय अवरोधमा उत्रिएपछि सोमबार ५० गाडी फोहोर मात्रै बिर्सजन हुन सक्यो । अघिल्लो दिनको तुलनामा यो दोब्बर संख्या हो ।

तर अवरोधकै कारण अढाइ सय भन्दा धेरै गाडीले फोहोर फाल्न सकेन । दलहरुकै समर्थनमा स्थानीय फोहोर फाल्न अवरोध गरेपछि सोमबार साँझ काठमाडौं महानगरका मेयर बालेन्द्र शाह बालेनले फोहोरमा राजनीति नगर्न आग्रह गरेका छन् । उनले सत्तारुढ दलकै अवरोध भएकोप्रति गुनासो समेत गरेका छन् ।

'सत्तारुढ दलहरुकै स्थानीय नेताहरुको अगुवाइमा सडक अवरुद्ध गरियो, जसलाई विपक्षी दलहरु एमाले र राप्रपाका स्थानीय नेताहरुले पनि साथ दिएको देखियो', बालेनले सामाजिक सञ्जालमा लेखेका छन् । तर अहिले देखिएको समस्या सतही मात्रै भएको पनि उनले लेखेका छन् । 'केही दिन र केही समयबाट

– बाँकी पृष्ठ २ मा

## इजरायलले एक हजार कृषि कामदार लैजाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० साउन

इजरायल सरकारले कृषि कार्यका लागि १ हजार नेपाली कामदार लैजाने निर्णय गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरसँगको शिष्टाचार भेटका क्रममा इजरायलका राजदूत खनान गोदेरले इजरायल सरकारले उक्त निर्णय गरेको जानकारी गराएका हुन् ।

भेटमा दुई देशबीच यसअघिको श्रम सम्झौताबारे छलफल भएको भन्दै मन्त्री कुँवरले नेपाली कामदारलाई आधुनिक मानिएको इजरायलको कृषि कामका लागि लैजाने निर्णय सकारात्मक भएको बताए । यसअघि इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारको लागि १ हजार १ सय ४७ जना कामदार छनोट गरी क्रमशः लगिरहेको छ ।

नेपाली जनतालाई इजरायल सरकाले उपलब्ध गराएका सहयोगका लागि धन्यवाद व्यक्त गर्दै मन्त्री कुँवरले आगामी दिनमा पनि इजरायल सरकारले नेपालका कृषि, पर्यटन, उद्योग लगायतका विभिन्न क्षेत्रमा सहयोग गर्ने विश्वास व्यक्त गरे । मन्त्री कुँवरले नेपाल सरकारले विदेशबाट फर्किएका नेपाली कामदारको लागि पुनःएकिकरणको नीति पारित गरेकाले यसमा इजरायलका लगानीकर्तालाई सहयोग गर्न पनि आग्रह गरेको मन्त्री कुँवरको निजी सचिवालयले जनाएको छ ।

– बाँकी पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

### वैदेशिक रोजगारका नाममा ठग्ने तीन पक्राउ

काठमाडौं/मस- आकर्षक तलब सुविधामा वैदेशिक रोजगारीका लागि नेदरल्याण्ड्स पठाइदिने भन्दै रकम लिई ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । खोटाङको बाह्रपोखरी देवथान स्थायी ठेगाना भई हाल काठमाडौंको कोटेश्वरमा बस्दै आएका ३५ वर्षीय प्रकाश राई १ करोड ३७ लाख रूपैयाँ ठगी गरेको अभियोगमा पक्राउ परेका हुन् ।

उनले रसुवा गोसाइकुण्ड, ठूलोस्याप्रुका निमा काल्तेन तामाङलगायत १६ जनालाई वर्किङ भिसामा नेदरल्यान्डस्

– बाँकी पृष्ठ २ मा

### नागरिकता विधेयक

## फिर्ताको सन्देश संसदमा

राष्ट्रपतिबाट फिर्ता भएको नागरिकता विधेयकको फिर्ताको संदेश संसदमा पुगेको छ । अब संसदीय प्रक्रिया अनुसार पुनः विधेयक अगाडि बढ्नेछ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० साउन ।

राष्ट्रपति विद्यादेवी भण्डारीले फिर्ता पठाएको नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक सोमबार प्रतिनिधिसभामा पुगेको छ । राष्ट्रपति कार्यालयले पठाएको ९ पृष्ठ लामो पत्रमा उक्त विधेयक प्रतिनिधिसभाको जानकारी, विमर्श र अध्ययनका लागि फिर्ता पठाएको उल्लेख छ ।

जसमा राष्ट्रपति भण्डारीले संघीय संसद्समक्ष जानकारी, अध्ययन र विमर्शका लागि ७ वटा र संसद्समक्ष ध्यानाकर्षणको सन्देश ८ वटा गरी १५ वटा सन्देश पठाएकी छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयकमा पठाएको सन्देश प्रतिनिधिसभालाई मंगलबार जानकारी गराइने भएको छ । संघीय संसद सचिवालयका सचिव गोपालनाथ योगीले निकालेको मंगलबारको संभावित कार्यसूचीमा 'राष्ट्रपतिबाट पुनर्विचारका लागि नागरिकता विधेयक संदेश सहित फिर्ता भएको सम्बन्धी राष्ट्रपतिको कार्यालयको पत्रको जानकारी गराउनने' उल्लेख छ ।

राष्ट्रपति भण्डारीले आफूकहाँ प्रमाणीकरणका लागि आएको नागरिकता विधेयक पुनर्विचारका लागि भन्दै सोमबार प्रतिनिधि सभामै फिर्ता पठाएकी थिइन् । मंगलबार राष्ट्रपति कार्यालयको पत्र संघीय संसद सचिवालयमा पुगेको छ । प्राप्त राष्ट्रपति कार्यलयको पत्रबारे मंगलबार सदनलाई जानकारी गराउने संभावित कार्यसूची आएको हो । अब यो विधेयक संसदीय प्रक्रिया अनुसार पुनः अगाडि बढ्नेछ । विधेयक अगाडि बढाउँदा राष्ट्रपतिले फिर्ता पठाउँदा उठाएका विषयलाई समेत ख्याल गर्नुपर्ने हुन्छ ।

राष्ट्रपति भण्डारीले फिर्ता पठाएको ९ पृष्ठ लामो पत्रमा नागरिकता विधेयक प्रतिनिधि सभाको जानकारी, विमर्श र अध्ययनका लागि फिर्ता पठाएको उल्लेख छ । पत्रमा १५ वटा सन्देश पठाइएको छ । जहाँ राष्ट्रपतिले वैवाहिक अंगीकृत नागरिकताका

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३१ साउन २०७९, मंगलबार
16 August 2022, Tuesday

# प्रदेश मन्त्रीद्वारा मर्चवार लिफ्ट सिँचाईको नहर अवलोकन



**जगत ठाडा मगर/मध्यान्ह**
रुपन्देही, ३० साउन

रुपन्देहीको मर्चवारमा जिर्ण अवस्थामा रहेको नहरको लुम्बिनी प्रदेशका मन्त्रीहरुले अवलोकन गरेका छन् । सोमबार लुम्बिनी प्रदेशका उर्जा, जलश्रोत तथा सिँचाई मन्त्री वीरबहादुर राना र शिक्षा तथा खेलकुद मन्त्री वसीउद्दीन खाँले अवलोकन गरेका हुन् ।

कोटहीमाई गाउँपालिका वडा नम्बर ४ तुनिहवादेखि अमवासम्मको भारतीय क्यानेल पुनः संचालनमा ल्याउने उद्देश्यले नहरको अवस्थाबारे अवलोकन गरिएको सिँचाई मन्त्री रानाले बताए । धेरै वर्ष पहिला सियारीबाट मर्चवार क्षेत्रमा सिँचाईको लागि बनाइएको भारतीय क्यानलमा करीब २० वर्षदेखि पानी नआएको स्थानीयले बताएका छन् ।

अनुगमन गर्दै सिँचाई मन्त्री रानाले मर्चवार खद्यान्नको क्षेत्रमा हिरा उत्पादन गर्ने क्षमता राखेको छ । यहाँ राम्रो सिँचाईको अभावले कृषि क्षेत्र धेरै प्रभावित भएको बताए । उनले भने 'नहर छ, तर पानी छैन, यसलाई तत्काल मर्मत सम्भार गरी पानी ल्याउने छु ।' 'अहिले मौषम प्रतिकुल अवस्थामा छ, मनसुनमा पनि वर्षा भएन । सिंचाईको अभावमा खेतहरु सुकेका छन् ।' रानाले भने 'अहिलेको अवश्थालाई हेर्दै भविष्यमा यसमा के गरे अझै सुधार गर्न सकिन्छ, कृषिमा सिँचाईको अझै बढी पहुँच कसरी पुऱ्याउन सकिन्छ भनेर निकास निकाल्नु पनि यो अवलोकनको उद्देश्य हो ।'

यस्तै मर्चवार लिफ्ट सिँचाई अयोजनाबोट सिँचाईको लागि छोडिएको लोअर क्यानल सेमरा र बनगाईको नहर पनि अनुगमन गरिको छ । शुरुमा ५ हजार ९ सय हेक्टर भूमि सिँचाई गर्ने उद्देश्यसहित शुरु भएको यो प्रणालीबाट अहिले १ हजार ५ सय हेक्टर पनि सिँचित हुन नसकेको उनले मर्चवार लिफ्ट सिँचाई जल उपभोक्ता संस्थाका सचिव जन्नथा प्रसाद कुर्मीले बताए । ठाउँ ठाउँमा पानीको चुहावट, वर्षौ पुरानो संरचना भएको कारण भत्केको स्थानमा मर्मत हुन नसक्नु लगायतको कारण अपेक्षित प्रगति हुन नसकेको कुर्मीले बताए ।

यस्तै संस्थाका अध्यक्ष नजिर मुसलमानले नहरलाई पक्की बनाउन सके यसबाट हुने चुहावट नियन्त्रण गरि तल सम्मै पानी पुऱ्यान सकिने बताए । यसको साथै भारत सरकारको सहयोगमा निर्माण भएको बयरघाटको नहरमा पानी पुऱ्याउन सके मर्चवारको करिब १० हजार हेक्टरलाई सिंचित गर्न सक्ने बताए । मर्चवार मात्र होइन जिल्ला नै धान्ने मर्चवारमा सिँचाइ प्रणालीमा सुधार ल्याउन आवश्यक रहेको बताउदै उनले यसको लागि आफुले सक्दो प्रयास गरिरहेको बताए ।

जल तथा सिंचाई डिभिजन कार्यालय, मन्त्रालयका सचिव, मर्चवार लिफ्ट सिँचाईका पदाधिकारी लगायतको संयुक्त टोलीले सिँचाई गर्ने नहर, पम्प एवम् सम्पूर्ण प्रक्रियाको अवलोकन गरेका थिए ।

# 'कांग्रेससँग सम्बन्ध तोडे वाम गठबन्धनबारे सोच्न सकिन्छ'

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, ३० साउन

नेकपा एमालेका उपाध्यक्ष युवराज ज्ञवालीले नेपाली कांग्रेससँग गठबन्धन तोडेको खण्डमा वाम गठबन्धनबारे सोच्न सकिने बताएका छन् । नेकपा एमाले दाङको आयोजना तथा नेकपा एमाले बबईको व्यवस्थापनमा सोमबारदेखि हापुरेमा शुरु भएको दुई दिने पार्टी प्रशिक्षण कार्यक्रममा बोल्दै उनले नेकपा माओवादी केन्द्र लगायतका कम्युनिष्ट पार्टीहरुले कांग्रेसँगको गठबन्धन तोडेको खण्डमा वाम गठबन्धन बारे सोच्न सकिने बताए । गठबन्धनको रुपमा वाम शक्तिलाई बिनास गर्ने योजना बनेको बताउँदै उपाध्यक्ष ज्ञावालीले कांग्रेसलाई अघि लगाएर केही वाम शक्तिले गलत गरेको बताए ।

वर्तमान गठबन्धनको सरकार समाजवादको बाधक रहेको बताउँदै उनले विचार नमिल्नेसँग गठबन्धन गरेर कांग्रेसलाई ठूलो शक्ति बनाउन लागि नपर्न आग्रह गरे । यस अघिको सरकारले गरेका क्रियाकलापलाई वर्तमान सरकारले प्राथमिकतामा नराखेको भन्दै उपाध्यक्ष ज्ञवालीले आर्थिक रुपमा देशको अवस्था धरासायी भएको जिकिर गरे ।

उपाध्यक्ष ज्ञवालीले समाजवादको आधार तयार पार्नका लागि एमालेको पक्षमा मत जाहेर गर्न र पार्टी नेता कार्यर्तालाई निर्देशन दिए ।

फरक प्रसंगमा उपाध्यक्ष ज्ञवालीले अहिले विश्वमा शक्ति देशहरुकाबीच लडाईको चर्चा हुन थालेको भन्दै नेपालको भू-भाग प्रयोग गरेर चीनविरुद्ध सड्यन्त्र भइरहेको बताए । नेपालमा अमेरिकी परियोजना एमसीसी र एसपीपी त्यसका उदाहरण रहेको उनको दाबी थियो । अहिले अमेरिका, चीन, भारत, रुसहरुले लडाईको संकेत गरेको भन्दै नेपाली जनताले यस्ता क्रियाकलापविरुद्ध निर्वाचन मार्फत् एमालेलाई ठूलो पार्टी बनाउनुपर्ने बताए ।

देशलाई दुर्घटनाबाट बचाउनका लागि मंसिरमा हुने निर्वाचन मार्फत् एमाले पहिलो शक्ति हुने बताए । उपाध्यक्ष ज्ञवालीले एमालेप्रति मतदाताको विश्वास रहेको भन्दै देशलाई जोगाउने शक्ति एमाले मात्रै रहेको दाबी गरे । स्थानीय तहको निर्वाचनमा नेकपा एमालेलाई लोकप्रिय मत प्राप्त भएको प्रसंगको स्मरण गर्दै नेकपा एमालाई मात्रै देशको चिन्ता रहेको बताए ।

अहिले पनि एमालेकाविरुद्ध सड्यन्त्र भइरहेको बताउँदै उपाध्यक्ष ज्ञवालीले यसको जवाफ मंसिर ४ गते नेपाली जनताले दिने बताए ।

## साउनभित्रै...

र प्रतिनिधिसभा चुनावमा तालमेल गर्ने निर्णय गर्दै कार्यदल गठन गरेको थियो । गठन भएपछि समितिको तीन वटा बैठक बस्यो । जहाँ सिट बाँडफाँटमा वर्तमान संसदको उपस्थितिलाई पनि आधार बनाउने समझदारी छ । संसदमा दलहरुको संख्यालाई मुख्य आधार बनाउने समझदारी छ । साथसाथै २०७९ को सथानीय चुनावको विषय पनि आएको छ । नेता गुरुङले भनेका छन्, 'दलको प्रत्यक्ष र समानुपातिकतर्फ उपस्थितिको सेरोफेरोमा सहमति गर्ने मोडालिटीमा जानुपर्छ ।' गठबन्धनको अर्को बैठक आगामी बुधबार बस्नेछ ।

## भागवण्डा...

गगन थापाले भने । तर, नेपाली कांग्रेसका नेता ज्ञानेन्द्र बहादुर कार्कीले भने मापदण्ड बनाउँदा २०७४ सालमा भएको निर्वाचन र गत वैशाखमा सम्पन्न भएको स्थानीय तह निर्वाचनको मतलाई आधार बनाइने बताएका छन् ।

'माधव नेपालको एकीकृत समाजवादी पार्टीले ७४ सालको चुनाव लडेको छैन। यसलाई एउटा विशिष्ट रूपमा राखेर मापदण्ड तय गरी अगाडि बढ्छौं,' 'सिट बाँडफाँटको टुंगो अब हामीले चाँडो गर्नुपर्छ । हामीले सकेसम्म हाम्रै तहमा मिलाएर नेतृत्वमा प्रतिवेदन दिने मनसाय छ' उनले भने ।

राजनीतिक विश्लेषक डा. राजेश अहिराज सत्तागठबन्धनलाई सिट बाँडफाँडमा सकस देखिएको बताउँछन् । 'सत्तागठबन्धनलाई सिट बाँडफाँडमा सकस नै परेको छ, किनभने नेपाली कांग्रेस ठूलो दलको हैसियतले धेरै चाहान्छ भने अन्य साना दलहरु पनि ठूलो संख्यामा सिट नदिइ मान्नेवाला देखिदैंनन्, तसर्थ कार्यदलबाट सहमति नजुटेर माथिल्लो तहमै पुग्ने सम्भावना पनि देखिन्छ, उनले भने । साथै उनले सत्तागठबन्धन विचारका लागि भन्दा पनि स्वार्थका लागि संगठित भएको बताएका छन् । त्यस्तै, नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले पनि केही समयअघि नै सिट बाँडफाँड सम्मानजनक नभए वामगठबन्धनको ढोका खुल्ला रहेको पनि बताएका छन् । यद्यपि, कार्यदलले ८४ वटा क्षेत्रको भाग भने करिब मिलाइसकेको बताएको छ । जसमा सत्तागठबन्धनबाट जसले जितेको उसले नै लिने गरी सहमति भएको हो । तर, गठबन्धनका कारण नेपाली कांग्रसदेखि सबै दलका शीर्षस्थ नेताहरुको टिकट भने जोखिममा पर्ने देखिएको छ । साथै आगामी चुनावसम्ममा पनि गठबन्धनलाई मिलाएर सिट बाँडफाँडलाई सहज बनाउनु निकै चुनौतीपूर्ण देखिएको छ ।

## फोहोरमाथि...

देखिरहेको समस्या सतही मात्रै हो । यसका गहिरा र अलग्गै कारणहरु छन्', उनले लेखेका छन् । तर दलका शीर्ष नेताहरुले भने एकअर्कालाई आरोप लगाएका छन् । आइतबार प्रतिनिधिसभा बैठकमा एमालेका सचिव योगेश भट्टराईले सरकारले फोहोर फाल्न नसक्ने आरोप लगाएका थिए । उनको भनाइ थियो- सरकारले फोहोर व्यवस्थापन गर्न सक्दैन, काठमाडौंमा मेयर बालेनले एमालेसँग सहकार्य गर्न तयार हुनुपर्छ ।

यसको जवाफमा नेपाली कांग्रेसका महामन्त्री गगन थापाले फोहोरमाथि राजनीति गर्न नहुने तर्क गरे । सबै मिलेर फोहोर व्यवस्थापनमा सहयोग गर्नुपर्ने थापाको सुझाव छ । यसको अर्थ लामो समयदेखि काठमाडौं महानगरको फोहोर नउठ्नुमा राजनीतिक रंग मिसिएको खुल्न थालेको छ ।

## इजरायलले...

मन्त्री कुँवरले इजरायलको रोजगारीमा नेपाली युवायुवतीको आकर्षण रहेको भन्दै रोजगारमा जाने प्रक्रियालाई सहज बनाउन समेत आग्रह गरेका छन् ।

## वैदेशिक...

पठाइदिने भन्दै १ करोड ३६ लाख ५० हजार रुपैयाँ ठगी गरेर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरेको प्रहरीको दाबी छ ।

यसअघि आइतबार उपत्यका अपराध अनुसन्धान कार्यालयले सिजलन भिसामा बेलायत पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा इलाम नारायणटारका प्रकाश राई र दुबई पठाइदिने भन्दै ठगी गरेको आरोपमा सिन्धुपाल्चोक सुनकोशी खाडिचौरका अविनाश कार्कीलाई पक्राउ गरेको थियो ।

राईले सिजलन भिसामा बेलायत पठाइदिन्छु भनी प्रति व्यक्ति ९ लाख रुपैयाँ लाग्ने बताएर पाँच जनाबाट तीन-तीन लाख रूपैयाँका दरले १५ लाख रुपैयाँ ठगी गरेको प्रहरीले बताएको छ । कार्कीले दुबई पठाइदिने भन्दै दैलेखका एक युवाबाट ७ लाख ५० हजार रुपैयाँ लिई दुबई पुगेपछि प्रतिष्ठित कम्पनीमा आर्मस् गार्डको काम लगाइदिने भनी प्रलोभनमा पारेर ठगी गरेको प्रहरीले बताएको छ । प्रहरीले उनीहरू तीनै जनालाई थप कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौं पठाएको छ ।

## नागरिकता...

सन्दर्भमा विगतमा र वर्तमानमा समेत उठिरहेको प्रश्नलाई ख्याल गरेर आगामी दिन पुनः प्रश्न नउठ्ने गरी राजनीतिक दलहरुका बीचमा साझा धारणा आवश्यक रहेको उल्लेख गरेकी छन् ।

यस्तै, संविधानले लैंगिक समानताको ज्ञारेण्टी गरेको उल्लेख गर्दै राष्ट्रपतिले बुबा वा आमा जो गए पनि उस्तै प्रक्रियाका आधारमा सन्तानलाई नागरिकता दिलाउन सक्ने व्यवस्था हुनुपर्ने बताएकी छन् । संविधानले प्रादेशिक पहिचानसहितको नागरिकता दिने भनेको तर, नागरिकता विधेयकले नसमेटेको राष्ट्रपति भण्डारीको भनाई रहेको छ ।

राष्ट्रपतिको कदमलाई लिएर भने राजनीतिक दलहरु विभाजित छन् । सत्तारुढ गठबन्धनको नेतृत्वकर्ता दल नेपाली कांग्रेस राष्ट्रपतिको व्यवहारबाट रुष्ट छ । प्रमुख प्रतिपक्षी नेकपा एमालेले राष्ट्रपतिको कदमको स्वागत गरेको छ । नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी सकभर मौन रहने नीतिमा रहेको छ ।

**कतारमा रोजगार** | १. कम्पनी: **AL RAFEE DEVELOPMENT CO WLL** शहर: **Qatar**

पूर्व स्वीकृत मितिः २०७८/१२/०६ चलानी नं.: ६०१७६२४० LT. No.: 259800 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 7 | 0 | स. काममा दक्ष | 1000 | ३४,७१० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | PLUMBER | 3 | 0 | | 1200 | ४१,६५२ | | | | | | | |

२. कम्पनी: **AL RAFEE DEVELOPMENT CO WLL** शहर: **Qatar**

पूर्व स्वीकृत मितिः २०७८/११/१८ चलानी नं.: ६०१७५२९३ LT. No.: 258759 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ७ गते (23 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAROHI H.R. SOLUTIONS PVT. LTD.**
Govt. Lic. No. 1244/074/075
Tokha-5, Basundhara, Kathmandu, Tel No.: 4961807, 4962925
Mob. : 9851002451, 9801068586, Email: info@aarohihrsolutions.com

**मलेसियामा वैदेशिक रोजगार** | १. कम्पनी : **PRIMABAGUZ FOODS SDN BHD** शहर: **Malaysia**

पूर्व स्वीकृत मितिः २०७९/०४/३० चलानी नं.: ६०१८५४५२ LT. No.: 269477

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 9 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : **WOOD VILLAGE INDUSTRIES SDN.BHD.** शहर: **Malaysia**

पूर्व स्वीकृत मितिः २०७९/०४/३० चलानी नं.: ६०१८५४५१ LT. No.: 269611

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ७ गते (23 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kankai Recruitment suppliers Pvt. Ltd.**
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal. Mobile : 9803697030, 9800941029, 9804850746
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com

**यूएईमा रोजगार** | कम्पनी: **TAWSEELAT DELIVERY SERVICES L.L.C.** शहर: **UAE**

पूर्व स्वीकृत मितिः २०७९/०२/१८ चलानी नं.: ६०१८०२३५ LT. No.: 264036 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Rider | 65 | 0 | स. काममा दक्ष | 2000 | ६९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ७ गते (23 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nice Recruiting Agency Pvt. Ltd.**
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Tel: 4354297, Mob.: 9810147957, 9803835493, 9818174840
E-mail: info@niceagency1062@gmail.com, Website: www.niceagency.com.np

**जापानमा रोजगार** | कम्पनी : **FUAN BUSINESS COOPERATIVE** शहर : **Japan**

**JAPAN** मुलुकको विभिन्न बहु प्रतिष्ठित कम्पनीहरूबाट नेपाली कामदारहरूको माग भै आएकोले इच्छुक व्यक्तिहरूले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साईजको सेतो पर्दा भएको फोटो तथा अनुभबका प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

पूर्व स्वीकृत मितिः २०७९/०१/०७ चलानी नं.: ६०१७८९६१ LT. No.: 256691

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLDER | 6 | 0 | 150000 | १,४२,९५० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ७ गते (23 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १९ वर्ष पुरा भई २५ वर्ष ननाघेको अविवाहित हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ६ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु ५०,०००।- मात्र

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता मा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोट : जापानिज भाषा जानेकाहरुले सम्पर्क गर्नुहोला ।**

**Oxon International Pvt. Ltd.**
श्रम इजाजत नं. ९८९/०६७/०६८
New Baneshwor-10, Kathmandu, Tel.: 01-4481800
Mo.: 9802032116 E-mail : oxonkk@gmail.com

# कुसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जाजरकोट, कर्णाली प्रदेश

**कुसे गाउँपालिकाद्वारा बाढी पहिरोको जोखिमबाट बच्ने र स्वास्थ्य सम्बन्धी गाउँबासीमा सचेतनामूलक सूचना**

**बाढी पहिरोको जोखिमबाट बच्ने र बचाउने उपायहरू**

**बाढी पहिरोको बेला निम्न कुराहरुमा ध्यान दिऔंः**
क) गेजरिडरबाट नदीमा बाढीको सतह र अवस्थाको बारेमा नियमित जानकारी लिने गरौं ।
ख) मोबाइल फोन नियमित चार्ज गरेर राखौं ।
ग) रेडियो र टेलिभिजनबाट आउने वर्षा र बाढी सम्बन्धि खबर/सन्देश ध्यान दिएर सुनौं ।
घ) बाढीको चेतावनी तह र खतराको सूचना पाउन साईरनको आवाज ध्यान दिएर सुनौं । प्रत्येक पटकको साईरनका आवाज पश्चात हाते माईकको निर्देशनको ख्याल गरौं ।
ङ) बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
च) होचो भूभागमा आवातजावत गर्न हुन्न ।
छ) गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
ज) उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ । छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
झ) ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
ञ) पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।
ट) ठूलो पानी परिरहे जोखिम युक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।

**स्वास्थ्य सम्बन्धी गाउँबासीमा सचेतना**

**झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाब गर्ने, बच्चाको दिसापिसाब पनि चर्पीमा नै बिर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।

# कतारमा नयाँ एनआरएनए एनसीसीको तदर्थ समिति गठन, संयोजकमा भट्ट

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ३० साउन





विश्वभर सञ्जाल फैलाएको गैर आवासीय नेपाली संघ (एनआरएनए) मा फुट आएसँगै परराष्ट्र मन्त्रालयले दुवै समूहलाई 'मिलेर आउन' आग्रह गरे पनि त्यो सम्भव हुन सकेको छैन । गत मार्च २२-२५ मा होटेल याक एण्ड सम्पन्न आइसीसीको १०औं अन्तर्राष्ट्रिय महाधिवेशनबाट केही बुँदामा असहमति जनाउँदै अलग भएको शेष घले समूहले विनोद कुँवरको अध्यक्षतामा समानान्तर एनआरएनए गठन गरेको थियो ।

हाल कुँवरले नेतृत्व गरेको एनआरएनएले आफ्नो सञ्जाल विश्व भरि स्थापन गर्ने अभियानलाई तीव्रता दिएको छ। केही समयदेखि कतारमा पनि नयाँ एनसीसी गठन गर्ने कुराले सामाजिक सञ्जाल निकै ततायो । रस्साकस्सी, खिचातानी र विवादकाबीच गत शुक्रबार कतारमा नयाँ एनसीसीको तदर्थ समिति घोषणा गरिएको सामाजिक सञ्जाल मार्फत बाहिरिएको छ ।

गुपचुप रूपमा गठित एनआरएनए एनसीसीको तदर्थ समिति संयोजकमा सुरेश भट्ट चयन भएका छन् । राजनीतिक र समसामयिक मुद्दामा लेख लेख्ने भट्ट प्रवासी नेपालीहरूको नोट चल्ने भोट नचल्ने अभियानको अभियन्ताका रूपमा परिचित छन्।

समितिको वरिष्ठ उपाध्यक्षमा सुनिल कुमार घिमिरे, उपाध्यक्ष मोहम्मद कलम हुसैन खान, उपाध्यक्ष सोमनाथ कँडेल, महिला उपाध्यक्ष मञ्जु खनाल आचार्य, महासचिव ध्रँवराज अधिकारी, सचिव पुष्पराज कोइराला, सचिव-प्रेम नेपाल (म्याक्स), सचिव रमेश पौडेल क्षेत्री, कोषाध्यक्ष सूर्य नारायण सापकोटा, सह कोषाध्यक्ष अब्दुल रहमान, युवा संयोजक हेमराज रिमाल रहेका छन् । समितिका सदस्यहरूमा राधा कृष्ण अधिकारी, रूप रसाइली, अमित रिजाल, योगेन्द्र तामाङ, मुहसिन नासिर, प्रकाश बराल, प्रकाश यादव, लोकबहादुर बराल, अजय कुँवर, सबिना आचार्य, आरिक शेख रहेका छन् ।

मिडियादेखि टाढा रहेर गुपचुप एनसीसी गठन गरेको विषयमा मध्यान्ह दैनिकसँग कुरा गर्दै भट्टले आफूहरू मिडियादेखि नभागेको तर परिस्थिति अनुकूल नबन्दा मिडियालाई नबोलाइएको स्पष्ट पारे । उनले छिट्टै नै पत्रकार सम्मेलन गर्दै उठेका सबै प्रश्नको जवाफ दिने प्रतिबद्धता जनाएका छन्। मध्यान्ह दैनिकले पटक पटक तदर्थ समिति गठन गरेको माइन्युट उपलब्ध गराउन आह्वान गरे पनि भट्टले पेपरलेस रूपमा डिजिटल माध्यमबाट समिति गठन गरिएको दाबी गरेका छन् ।

एनआरएनए आइसीसी सदस्य सरिता सिलवाल पोखरियाको अध्यक्षता, आइसीसीका सल्लाहकार धर्म केसीको प्रमुख आतिथ्यता साथै आइसीसी मानार्थ सदस्य आर.सी. पन्थको विशेष आतिथ्यता रहेको कार्यक्रमले गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् तदर्थ समिति कतार गठन गरेको हो । गैरआवासीय नेपाली संघ एनआरएनए नेपाल सरकारको परराष्ट्र मन्त्रालयमा विधिवत् दर्ता भएको विश्वमा रहेका गैर आवासीय नेपालीहरूको साझा संस्था हो। वर्तमान एनआरएनएको वैधानिकताका बारेमा रस्साकस्सी पनि चल्ने गरेको छ । हाल कुल आचार्य, रबिना थापा र बद्री केसी अध्यक्ष रहेको एनआरएनए र विनोद कुँवर अध्यक्ष रहेको एनआरएनएका बारेमा कुन संस्था वैधानिक र कुन अवैधानिक भनेर गैरआवासीय नेपालीमा विभिन्न चर्चा परिचर्चा भइरहेका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

प्रकाशित मितिः २०७९/०४/३१

यस कार्यालयमा मिति २०७५/१०/०३ मा दर्ता भएको **प्रा.लि.नं. २०६७८७** को **हिमालयन कर्णाली इन्स्टिच्युट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/२६को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# नागरिकता विधेयक फिर्ताविरुद्ध प्रदर्शन

सिरहा/मस-राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक (पहिलो संशोधन)विधेयक २०७९ पुनर्विचारका लागि प्रतिनिधिसभामा फिर्ता पठाएको विरोधमा प्रदर्शन भएको छ ।

राष्ट्रपति भण्डारीले आइतबार विधेयक फिर्ता पठाएपछि सोमबार सिरहाको गोलबजारमा सिके राउत नेतृत्वको जनमत पार्टीले विरोध प्रदर्शन गरेको हो । प्रदर्शनकारीले टायर बालेर सडकमा सवारी आवागमनमा अवरोध पुऱ्याएका छन् ।

## भरपर्दो अनुगमन संयन्त्र बनाउन संसदीय समितिको निर्देशन

**काठमाडौं/मस-** प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले सार्वजनिक यातायातको भाडादरका विषयमा नियमित र भरपर्दो रूपमा अनुगमन गर्ने संयन्त्र तत्काल बनाउन सरकारलाई निर्देशन दिएको छ ।

समितिको सोमबार बसेको बैठकले सार्वजनिक यातायातले मनोमानी रूपमा भाडा असुल्ने गरेको भनी आमनागरिकबाट गुनासो आइरहेकाले त्यसको सम्बोधनका लागि संयन्त्र बनाउन र त्यससम्बन्धी जानकारी समितिलाई उपलब्ध गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिएको हो । हाल सरकारले पेट्रोलियम पदार्थको मूल्य समायोजनसँगै वैज्ञानिकरूपमा निर्धारण हुने स्वचालित विधि अपनाएर कार्यान्वयन गरिरहेको छ ।

समितिले नारायणगढ-मुग्लिन र नारायणगढ-पोखरा सडकमा सीमा अतिक्रमण गरी बिना स्वीकृति निर्माण गरिएका घर र विद्युतका पोलका कारण पहिरो आउँदा पन्छाउन जटिलता भएको भन्दै ती संरचना हटाउने व्यवस्था मिलाउन पनि मन्त्रालयलाई निर्देशन दिएको छ । समितिले निर्माणाधीन नारायणगढ-मुग्लिन र मुग्लिन-पोखरा सडक स्तरोन्नति निर्धारित समय र गुणस्तरमा सम्पन्न गर्न तीव्र गतिमा काम अघि बढाउन समेत मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिले विकास निर्माणमा दीर्घकालीन समाधानसहित वातावरणमैत्री, प्रविधिमैत्री र गुणस्तरीय निर्माणका लागि विकासको उपयुक्त मोडल अवलम्बन गर्न तत्काल अध्ययन गरी कार्यान्वयनमा ल्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भौतिक पूर्वाधार मन्त्रालयलाई निर्देशन गरेको छ ।

**मलेसियामा रोजगार** | १. कम्पनीः BEST GLOBAL MANAGEMENT SDN BHD — शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/04/३0 | चलानी नं.: ६०१८५४४७ | LT. No.: 269099

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः SINGH MANAGEMENT SERVICES SDN BHD — शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/04/३0 | चलानी नं.: ६०१८५४४६ | LT. No.: 269100

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः SWACK SECURITY SERVICES SDN.BHD. — शहर : SELANGOR

पूर्व स्वीकृत मितिः २०७६/०७/२८ | चलानी नं.: ६०१४६३०४ | LT. No.: 226525 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 2 | 0 | स. काममा दक्ष | 1100 | ३१,४७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ ७ गते (23 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

TILICHO OVERSEASE PVT. LTD.
Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9860979793
Email : tilichooverseas@gmail.com

**Kerabari Rural Municipality**
**Office of the Rural Municipal Executive**
Kerabari Morang
Provience 1, Nepal

## Invitation for Quotations

**Date of publication: 2079/04/31**

1. The Kerabari Rural Municipality invites sealed quotations for Supply, installation and commissioning of Biometric Attendance Device and accessories.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kerabari Rural Municipality, Office of the Rural Municipal Executive Kerabari Morang. Tel:021-403110, Email:kerabariruralmun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
3. A complete set of Bidding Documents may be purchased from EGP System i.e www.bolpatra.gov.np by eligible Bidders with necessary document and upon payment of a non-refundable fee of Rs. 1000.00 before bid submission time and date through bank account, account number mention below.
   Only electronic bid is allowed, "Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   **Name of the Bank : NIC Asia Bank.**
   **Name of Office : Kerabari Rural Municipality**
   **Office Account no. : 0562056501423002 (for Bid Document Fee)**
   **Office Account no. : 0562056501423008 (for Bid Security for Cash Deposit )**
4. Sealed bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp only on or before 12:00 PM on 16th Bhadra 2079 BS. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 16th Bhadra 2079 BS at the office of Kerabari Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of amount mention below which shall be valid for 30 days beyond the validity period of the bid .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N. | Contract ID | Goods/Works Description | Estimated Amount excluding VAT | Bid Security |
|---|---|---|---|---|
| 1 | KRMC/MOR/G/SQ-01(079/080) | Supply, installation and commissioning of Biometric Attendance Device and accessories. | NRs 19,96,032 | NRs 50,000 |

**Chief Administrative Officer**

**मलेसियामा रोजगारको** | १. कम्पनीः PARAGON CAR CARPETS & COMPONENTS SB — शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/११/२८ | चलानी नं.: ६०१५३३११ | LT. No.: 234856 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1200 | ३४,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः COMMERCE PROFILE SDN BHD — शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/११/१२ | चलानी नं.: ६०१५२२५३ | LT. No.: 233673 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 53 | 0 | स. काममा दक्ष | 1200 | ३४,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ ७ गते (23 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

सदिक्षा ओभरसिज प्रा. लि.
सामाखुसी टाउन प्लानिङ्ग (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल , फ्याक्स : ४३८६५२५
फोनः ४३८०१८१, ४३८८२००, ४३८६५२५
Mob:- 9851332383/ 9851332382/ 9851332384/ 9851332385
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np
श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६

**कतार र साउदीमा वैदेशिक रोजगारको अवसर**

१. कम्पनीः QATAR ENGINEERING HOUSE — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/०६ | चलानी नं.: ६०१८५४५४ | LT. No.: 253513 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः AL IKHLAS TRADING & CONTRACTING — शहरः Doha

पूर्व स्वीकृत मितिः २०७८/१२/११ | चलानी नं.: ६०१७६५८७ | LT. No.: 260400 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,०६५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | | 1100 | ३८,१८१ | | | | | | | |

३. कम्पनीः AL ESNAD SPECIALIZED LIMITED COMPANY — शहरः Saudi

पूर्व स्वीकृत मितिः २०७९/०१/१३ | चलानी नं.: ६०१७८५९७ | LT. No.: 262290 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour/Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ७ गते (23 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

